# वार्षिक योजना अनुगमन प्रतिवेदन, २०८०

दुहुँ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

हिकिला, दार्चुला

## धन्यवाद मन्तव्य

दुहुँ गाउँपालिकाले अंगिकार गरेको "समृद्ध दुहुः सुखी दुहुँ बासी" को महान सोच र "सामाजिक एकता र आर्थिक समृद्धीको आधार, सुशासन पारदर्शिता र जवाफदेहिता सहितको दुहुँ सरकार" लक्ष्य हासिल गर्न विकासका योजना, नीति तथा कार्यक्रमको कार्यान्वयन पक्ष सबल हुन जरुरी छ । छोटो समयावधिमा विकासका लक्ष्यहरु हासिल गर्न तथ्यमा आधारित नीति, योजना र कार्यक्रम तय गर्नु जरुरी भइसकेको छ । योजनाको प्रभावकारी कार्यान्वयन र तथ्यमा आधारित नीति निर्माणको लागि अनुगमन तथा मूल्याङ्कनले महत्वपुर्ण भूमिका खेल्दछ । वर्तमान संघीय संरचना अनुरुप गाउँपालिकाको विभिन्न तहमा हुने अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि रहेको छ । गाउँपालिकाको आवधिक विकास योजनाको लक्ष्यले तोकेको परिणाम प्राप्त गर्नको लागि समेत अनुगमन तथा मूल्यायङ्कन प्रणालीमा थप सुधार र परिमार्जन गर्न यस प्रतिवेदनले सघाउ पुऱ्याउनेछ । प्रस्तुत सन्दर्भमा तयार भएको अनुगमन प्रतिवेदनले गाउँपालिका लगायतका निकायलाई अनुगमन तथा मूल्याङ्कन कार्यमा ठोस मार्गदर्शन प्रदान गर्ने तथा भावी दिनमा तर्जुमा गरिने योजनाको लक्ष्य, उद्देश्य र रणनीति तयार गर्नको लागि आधार तयार गर्नेछ । साथै यस प्रतिवेदनले संघीय तहको अनुगमन एवं मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाई विकास कार्यक्रम तथा आयोजनाहरुको अनुगमन गर्न महत्वपुर्ण योगदान पुऱ्याउनेछ ।

यस प्रतिवेदनको कार्यान्वयन पक्षको प्रभावकारी अनुगमन गाउँकार्यपालिकाले नै गर्नेछ । साथै यस प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुने सबैलाई धन्यवाद दिन चाहन्छु ।

शान्ती देवी बम
संयोजक
अनुगमन तथा सुपरिवेक्षण समिति
दुहुँ गाउँपालिका

# विषय सूची


भाग १: परिचय........................................................................1

१.१ पृष्ठभूमी........................................................................1

१.२ अनुगमनको उद्देश्य........................................................................1

१.३ अनुगमनको ढाँचा एवं विधि ........................................................................2

१.४ अनुगमन सिमा ........................................................................3

भाग २ : तथ्य र तथ्याङ्कको प्रस्तुती, विश्लेषण र व्याख्या........................................................................3

२.१ फिल्ड भ्रमण तथा अवलोकनको सारांश ........................................................................3

२.१.१ योजना तथा कार्यक्रम विस्तृत विवरण ........................................................................3

भाग ३ : प्रमुख उपलब्धिहरु........................................................................6

भाग ४ : प्रमुख समस्याहरु ........................................................................6

भाग ५ : सिकाईहरु........................................................................6

भाग ६ : निष्कर्ष र सुझावहरु ........................................................................7

६.१ निष्कर्ष ........................................................................7

६.२ सुझावहरु ........................................................................7

६.३ योजना तथा कार्यक्रमका फोटोहरुः ........................................................................9

## भाग १: परिचय

### १.१ पृष्ठभूमी

योजना, नीति तथा कार्यक्रम र आयोजनाहरुमा लगानी तथा स्रोत साधनको प्रवाह समुचित ढंगले लभएको छ कि छैन र कार्य तालिका अनुसार क्रियाकलापहरुको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ छैन भनि विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेका व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ। विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मूल्याङकनको महत्वपूर्ण भूमिका रहन्छ। विकासमा गरिएको लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहीको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आंकलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न यसको थप महत्व रहन्छ। विगतका अनुभवबाट पाठ सिक्दै भावी नीति तथा कार्यक्रमलाई तथ्यपरक र नतिजामूखी बनाउन यस्तो व्यवस्था प्रभावकारी हुनुपर्दछ। नतिजामूखी अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने क्रममा नेपाल सरकारले राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० जारी गरी कार्यान्वयनमा ल्याएको थियो। नयाँ संविधान जारी भएपछी संघ, प्रदेश तथा स्थानीय तहमा भएको पुनःसंरचना अनुरुप स्थानीय तहमा संचालित योजना तथा परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन यसको सफल अभ्यास हुदै आइरहेको छ। यसै सन्दर्भमा दुहुँ गाउँपालिकाले पनि योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिमा योजनाको अनुगमन तथा मूल्याङ्कन पश्चात अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा छलफल गर्नु पर्ने प्रावधान भए बमोजिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको अपरिहार्यता प्रष्ट झल्किन्छन। तर्सथ यस प्रतिवेदनमा अनुगमन गर्दा अपनाउनुपर्ने विधि तथा प्रक्रिया, सूचक तथा सूचनाको स्रोतहरु, संस्थागत व्यवस्था र सूचनाको प्रयोग सम्बन्धी विषयलाई समेटेको छ। प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन यसलाई सहभागितामूलक बनाउन आवश्यक छ। गाउँपालिकाको विकास सम्बन्धी नीती, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्न, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन प्रणालीको विकास गरी तिनलाई गाउँपालिकाका विभिन्न तहहरुमा लागु गरी संस्थागत गर्न, मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्न, गराउन र सोको आधारमा गाउँपालिकाको नीति तथा कार्यान्वयनमा सुधार गर्नुका साथै अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास समेत गर्ने उद्देश्य लिई यो प्रतिवेदन तयार पारिएको छ।

### १.२ अनुगमनको उद्देश्य

अनुगमनले संचालित योजना, आयोजना तथा क्रियाकलापहरुलाई व्यवस्थित, सरल, नतिजामूलक, विश्वसनीय र प्रभावकारी बनाई नीति निर्णय प्रक्रियालाई तथ्यपरक बनाउनुका साथै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्न सहयोग गर्ने मूल उद्देश्य लिएको छ।

उपरोक्त उद्देश्यहरुका साथै अनुगमनका निम्न उद्देश्यहरु रहेका छन्।

- कार्यक्रम आयोजना कार्यान्वयन चरणमा लगानी, क्रियाकलाप, प्रक्रिया र प्रतिफल सूचकहरुको आधारमा कार्यसम्पादन भएको नभएको निर्धारण गर्न।
- कार्यक्रम आयोजनाको कार्यान्वयन चरण सम्पन्न भएपछि उक्त कार्यक्रम आयोजनाको निर्धारित आयुसम्म निरन्तर संचालनको लागि आवश्यक पर्ने स्रोतसाधन तथा मर्मत संभार निश्चित गर्न।
- कार्यक्रम आयोजनाको आवश्यकता तथा सुनिश्चितता निर्धारण गर्न कार्यक्रम आयोजनाको पूर्ण विवरण स्पष्ट गर्न र सूचकहरु निर्धारण गर्न।

- ❖ कार्यक्रम आयोजनाको प्रगतिको समिक्षा गर्न पूर्वनिर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा संचालन ढाँचामा आवश्यक परिवर्तन गर्न ।
- ❖ कार्यक्रम आयोजनाको कार्यक्षमता, प्रभावकारिता र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न र कार्यक्रम आयोजना सम्पन्न भएपछि थप कार्य (Follow Up) आवश्यक रहेको वा नरहेको निक्यौंल गर्न ।
- ❖ संचालित कार्यक्रम आयोजनाको प्रभाव र दिगोपानालाई ध्यानमा राखेर समिक्षा गर्न, भविष्यमा कार्यक्रम आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्नका लागि सिकाई र सुझावहरु प्राप्त गर्नका लागि ।
- ❖ योजना कार्यान्वयनको विभिन्न चरणमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उचित समयमा सम्बोधन गर्न ।

### १.३ अनुगमनको ढाँचा एवं विधि

आयोजना कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाउन सेवा प्रदायक र सेवाग्राहीको सहभागितामा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ । सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनले संस्थागत सिकाइ अभिवृद्धी गर्ने, सरोकारवालाकोब धारणा बुझी आयोजनामा सुधार गर्ने र प्रभाव मूल्याङ्कन गरी सार्वजानिक उत्तरदायित्व वा जवाफदेहिता अभिवृद्धि गर्ने गर्दछ । साथै यसबाट सरोकारवालालाई आयोजनाको अवस्थाको जानकारी हुन गई समयमै प्रतिफल प्राप्तिमा सहयोग पुग्ने हुन्छ । तर्सथ दुहुँ गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले गाउँपालिका, वडा र अन्य नियकायबाट संचालित क्रियाकलाप, आयोजना र योजनाको अनुगमनका लागि विभिन्न ढाँचा एवं विधिहरु प्रयोग गर्दै आइरहेको छ ।

विकास आयोजनाहरुको प्रगति विवरण वा सूचनाका आधारमा गरिने समिक्षा अपर्याप्त भएमा वा अनुगमन गर्ने निकायले कार्यथलोमा नै गई आफ्नै आँखाले तथ्य एकिन गर्न वा आयोजनाको व्यवस्थापन लगायत सम्बन्द्ध सरोकारवालाहरुको धारणा संकलन गरी कार्यान्वयनमा आउनसक्ने सम्स्या समयमै पहिचान तथा समाधान गर्न आवश्यक देखेमा स्थलगत निरीक्षण गर्नुपर्दछ । बुँदागत रुपमा आयोजनाको स्थलगत अनुगमन निरीक्षणका लागि देहाय बमोजिमका क्रियाकलापहरु गर्ने गरिएको छ ।

क. आयोजनाबाट प्राप्त प्रगति प्रतिवेदनको सत्यता एकिन गर्न वास्तविकता अवलोकन गर्ने गरिएको ।

ख. आयोजना कार्यान्वयनको क्रममा आइपरेका समस्याहरुबारे जानकारी लिने गरिएको ।

ग. समस्या सामाधानमा सहयोऊ गर्ने, आयोजना निर्माण स्थलमा नै निर्देशन दिने, समस्या समाधानका लागि व्यवस्थापनले गरेका प्रयासबारे जानकारी लिने, समस्या समाधानका निमित्त समन्वय गर्ने एवम् विभिन्न विकल्पहरु पहिचान गर्ने र समस्या तथा समाधानका विकल्पका बारेमा निर्णयकर्तालाई जानकारी गराउने ।

घ. आयोजनाका सम्बन्धमा लाभग्राही वर्ग लगायत अन्य पक्षको धारणाबारे जानकारी लिने ।

ङ. आयोजना र अन्य पक्षबीच कुनै विवाद परेमा समाधानका लागि सहयोग गर्ने ।

अनुगमन तथा सुपरिवेक्षण समितिले निर्धारित रुजुसूची (Checklist) को आधारमा सेवाग्राहीहरुसंगै व्यवस्थित तरिकाले स्थलगत भ्रमण गरी नक्सामा रहेका सूचनाको सत्यता एकिन गर्ने गरेको छ । यस्तो भ्रमणले स्थानीय समुदायसंग सम्बन्ध स्थापित गर्न नक्सामा उल्लेख गरिएका पक्षहरुलाई पुष्ट्याई गर्न स्थानीयबासीहरुका विकास कार्यका समस्या र समाधानका उपायका बारेमा अवगत गर्न मद्दत पुगेको छ । अनुगमन, निरीक्षण तथा अवलोकनका क्रममा निम्नानुसारका विधिहरु अपनाइएको थियोः

क. स्थलगत अनुगमन, निरीक्षण तथा अवलोकन

ख. आयोजनासंग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरुसंग छलफल र अन्तरक्रिया

ग. गाउँपालिकामा क्रियाशील राजनीतिक दलका पदाधिकारी लगायतका अगुवाहरुसंगको अन्तरक्रिया

घ. आयोजनाको उपभोक्ताहरुसंगको अन्तरक्रिया र छलफल

## १.४ अनुगमन सिमा

- महत्वाकांक्षी योजनाहरुको बाहुल्यता भएकाले सम्पुर्ण योजनाहरुको अनुगमन प्रभावकारी हुन नसक्नु
- योजनाको प्रभाव मूल्याङ्कनका लागि दक्ष जनशक्तिको अभाव
- आयोजना तर्जुमा प्रक्रियामा नै कम गुणस्तर खालका योजना तर्जुमा हुने गरेकाले नतिजा प्राप्ति गर्न कठिन
- योजनाको अनुगमन प्रक्रिया सहज नभई खर्चिलो एवं बढी समयको खपत हुने हुदा समय खर्चिएर अनुगमन गर्न नसकिनु।
- कठिन भौगोलिक अवस्था र उपभोक्ता समितिहरुबाट सृजना हुने अनावश्यक दबाबले योजना अनुगमनमा सृजनात्मकता नभई तनावको वातावरण सृजना हुने।

## भाग २ : तथ्य र तथ्याङ्कको प्रस्तुती, विश्लेषण र व्याख्या

## २.१ फिल्ड भ्रमण तथा अवलोकनको सारांश

### २.१.१ योजना तथा कार्यक्रम विस्तृत विवरण

| सि.नं. | योजना/कार्यक्रमको नाम | विनियोजित बजेट | योजना स्थल/ठेगाना | योजना अनुगमन गरिएको मिति | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझाव |
|---|---|---|---|---|---|---|
| १ | भाडी देखि मालिकार्जुन सम्म घोरेटो बाटो निर्माण | १५००००० | दुहुँ १ पिपलचौरी | २०८०।०३।०९ | ९९ प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| २ | मा वि विण शौचालय निर्माण | ५००००० | दुहुँ १ पिपलचौरी | २०८०।०३।२० | ९५ प्रतिशत | लागत अनुमान अनुसार कार्य पूर्ण नभएको। |
| ३ | पिपलचौरी प्रा वि भवन मर्मत | १०००००० | दुहुँ १ पिपलचौरी | २०८०।०३।१८ | ९० प्रतिशत | लागत अनुमान अनुसार कार्य सन्तोषजनक नदेखिएको। |
| ४ | टुडिखान खानेपानी मर्मत तथा फलफूल वृक्षारोपण र टुडिखान बाटो निर्माण | ७००००० | दुहुँ १ पिपलचौरी | २०८०।०३।२१ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| ५ | श्री हुनैनाथ आ वि बासपाली २ कोठे भवन निर्माण | २७५०००० | दुहुँ १ पिपलचौरी | २०८०।०३।१६ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| ६ | अफरे ढल निकास निर्माण | ५००००० | दुहुँ २ हिकिला | २०८०।०१।२५ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| ७ | नैनगाड कम्दा अङिडखाड ढल निकास | ५००००० | दुहुँ २ हिकिला | २०८०।०३।०२ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| ८ | गौरिलमाण्डौ छात्रा शौचालय निर्माण | ७००००० | दुहुँ २ हिकिला | २०८०।०३।०१ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | थल सिलिङचौरा झो पु बाट गाउँपालिका भवन सम्म पदमार्ग निर्माण | १५००००० | दुहुँ २ हिकिला | २०८०।०३।१२ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| १० | तिंकर सडक देखि पालिका भवन सम्म सडक निर्माण | १३२०००० | दुहुँ २ हिकिला | २०८०।०३।१३ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| ११ | ढल निकास तथा सिचाई नहर निर्माण योजना खेती | ६००००० | दुहुँ ३ ब्रहमदेव | २०८०।०२।२९ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| १२ | देउखाला सामुदायिक भवन निर्माण योजना | ६००००० | दुहुँ ३ ब्रहमदेव | २०८०।०३।२६ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| १३ | तिंकर सडक सल्ली देखि कोलिउडा हुदै ब्रहम देवताको मन्दिर सम्म बाटो निर्माण | ५००००० | दुहुँ ३ ब्रहमदेव | २०८०।०२।१२ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| १४ | सामुदायिक स्वास्थ्य इकाई केन्द्र भवन निर्माण निजाङ | ६००००० | दुहुँ ३ ब्रहमदेव | २०८०।०२।१० | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| १५ | श्री गणेश मा. वि. सिमली फिल्ड निर्माण | ८००००० | दुहुँ ३ ब्रहमदेव | २०८०।०३।१५ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| १६ | बारबाँज बाटमुनि खानेपानी मर्मत | ६४०००० | दुहुँ ३ ब्रहमदेव | २०८०।०२।१५ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| १७ | श्री गणेश मा वि सिमली ४ कोठे भवन निर्माण | ५५००००० | दुहुँ ३ ब्रहमदेव | २०८०।०२।२१ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| १८ | गैर रजिउडा पि. सि. सि. बाटो | ५५०००० | दुहुँ ४ धारी | २०८०।०१।२८ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| १९ | भाडि जैतकोट घोरेटो बाटो पुन निर्माण | १०००००० | दुहुँ ४ धारी | २०८०।०३।१६ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| २० | पोक्से धोउला भूइकोट वृहत खानेपानी आयोजना | ८००००० | दुहुँ ४ धारी | २०८०।०३।१२ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| २१ | घोप्टे सुत्खोला घो. बा. निर्माण | ५००००० | दुहुँ ५ गरमोरा | २०८०।०१।२६ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको। |
| २२ | थल सिलिङ्चौरा सडक निर्माण | २४९५०७५.६८ | दुहुँ २ र ५ | २०८०।०३।०५ | ७० प्रतिशत | बाँकी कार्य सम्झौता बमोजिम यथाशिघ्र सम्पन्न गर्नु पर्ने। |
| २३ | हिकिला गुना अफरे शिद्धटोपी सडक निर्माण | ७७२६१०२.६९ | दुहुँ २ | २०८०।०२।१३ | ४५ प्रतिशत | बाँकी कार्य सम्झौता बमोजिम यथाशिघ्र सम्पन्न गर्नु पर्ने। |
| २४ | हिकिला कम्दा थाइसैन सडक निर्माण | ३२५००००. | दुहुँ २ | २०८०।०२।१६ | २५ प्रतिशत | बाँकी कार्य सम्झौता बमोजिम यथाशिघ्र सम्पन्न गर्नु पर्ने। |
| २५ | जोशीगाउँ बारबाज फारा सडक निर्माण | ९९९३८८९.११ | दुहुँ ४ धारी | २०८०।०३।२२ | ४५ प्रतिशत | बाँकी कार्य सम्झौता बमोजिम यथाशिघ्र सम्पन्न गर्नु पर्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | दुहुँ चक्रपथ निर्माण | ८४९८५८४.७३ | दुहुँ ४ | २०८०।०२।३० | २० प्रतिशत | बाँकी कार्य सम्झौता बमोजिम यथाशिघ्र सम्पन्न गर्नु पर्ने । |
| २७ | वडा नं. १ को कार्यालय अगाडी पहिरो नियन्त्रण कार्य | ४९९३४३५.५५ | दुहुँ १ पिपलचौरी | २०८०।०२।३१ | २० प्रतिशत | बाँकी कार्य सम्झौता बमोजिम यथाशिघ्र सम्पन्न गर्नु पर्ने । |
| २८ | श्री जनविकास मा वि बारबाज भवन निर्माण | ३७७८३१०१.८८ | दुहुँ ३ ब्रहमदेव | २०८०।०२।३२ | ७५ प्रतिशत | बाँकी कार्य सम्झौता बमोजिम यथाशिघ्र सम्पन्न गर्नु पर्ने । |
| २९ | हिकिला खानेपानी तथा सरसफाई योजना निर्माण | ३०१०५३४४.३७ | दुहुँ २ हिकिला | २०८०।०३।१० | ७० प्रतिशत | बाँकी कार्य सम्झौता बमोजिम यथाशिघ्र सम्पन्न गर्नु पर्ने । |
| | **पशु विकास शाखा** | | | | | |
| ३० | उन्नत जर्सी गाई पर्वद्धन कार्यक्रम | ७५०००० | दुहुँ गाउँपालिका | २०८०।०१।१० | १०० प्रतिशत | उन्नत जातका गाई खरिद भई कृषकलाई वितरण भएको । |
| ३१ | कालिज पर्वद्धन कार्यक्रम | ९५०००० | दुहुँ गाउँपालिका | २०८०।०३।१५ | १०० प्रतिशत | कालिज खरिद गरि कृषकहरुलाई वितरण गरिएको । |
| | **बहुक्षेत्रीय पोषण कार्यक्रम** | | | | | |
| ३२ | विपन्न महिला समुहमा आयआर्जनका लागि अनुदान कार्यक्रम | ६२५००० | दुहुँ गाउँपालिका | २०८०।०१।१० | १०० प्रतिशत | २५ जना विपन्न महिलालाई अनुदान वितरण |
| | रोजगार सेवा केन्द्र | | | | | |
| ३३ | हुनैनाथ मन्दिर घेरपर्खाल निर्माण बस्पाली | ५१९३०० | दुहुँ १ पिपलचौरी | २०८०।०२।२२ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको । |
| ३४ | बेडरुख देखि बायलपाटासम्म घो बा निर्माण | १३८४८०० | दुहुँ २ हिकिला | २०८०।०२।२१ | ९६ प्रतिशत | लागत अनुमान अनुसार कार्य सम्पन्न नभएको र बाँकी काम समयमै सम्पन्न गर्नुपर्ने । |
| ३५ | गुना घोरेटो बाटो निर्माण | ६९२४०० | दुहुँ २ हिकिला | २०८०।०२।२० | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको । |
| ३६ | खोल्टीघर बडालीगाउँ देखि कृषि सडकसम्म घो बा मर्मत | ५७७००० | दुहुँ २ हिकिला | २०८०।०२।२० | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको । |
| ३७ | बोहरीगाउँ देखि राजबाटो हुदै बलधया सम्म घो बा निर्माण | १०३८६०० | दुहुँ ३ ब्रहमदेव | २०८०।०२।१० | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको । |
| ३८ | पोक्से घो बा निर्माण | ५१९३०० | दुहुँ ४ धारी | २०८०।०२।१८ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको । |
| ३९ | फारा घो बा निर्माण | ५१९३०० | दुहुँ ४ धारी | २०८०।०२।१५ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको । |
| ४० | कार्कीगाउँ फेर तिताडी खैलाधार सिमार घो बा निर्माण | ५७७००० | दुहुँ ५ गरमोरा | २०८०।०२।२४ | १०० प्रतिशत | लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहकारी | | | | | |
| ४१ | सहकारी प्रवर्द्धन कार्यक्रम | ८००००० | दुहुँ गाउँपालिका | २०८०।०२।१७ २०८०।०३।०५ | १०० प्रतिशत | गाउँपालिका र वडामा सहकारी प्रवर्द्धन कार्यक्रम सम्पन्न |

## भाग ३ : प्रमुख उपलब्धिहरु

- ❖ आवधिक रुपमा योजनाको अनुगमन र सुपरिवेक्षण हुने हुदा प्रस्तावित योजनाहरुलाई मनोमानी ढङ्गले कार्यान्वयन गर्नमा कमी आएको,
- ❖ उपभोक्ता समितिले प्राविधिकको प्रत्यक्ष निगरानीमा निर्माण कार्य गर्ने भएकोले उक्त काम गुणस्तरयुक्त हुने गरेको।
- ❖ अनुगमन तथा सुपरिवेक्षण समितिको सिफारिस अनुरुप योजनाको भुक्तानी गर्ने प्रावधानले गर्दा गुणस्तरीय काम हुने गरेको।
- ❖ दवावको भरमा भुक्तानी गर्ने परिपाटीको अन्त्य भएको।

## भाग ४ : प्रमुख समस्याहरु

- ❖ टुक्रे योजनाहरुको संख्या धेरै भएकाले अनुगमन गर्न कठिनाई हुने गरेको ।
- ❖ एउटै योजनाको नाममा धेरै ठाउँमा काम हुने भएकाले अनुगमनलाई चुस्त दुरुस्त गर्न नसकिएको।
- ❖ अनुगमन कार्यमा वडास्तरका जनप्रतिनिधिको कम संलग्नता हुने गरेको र उपभोक्ता समितिको अध्यक्षलाई मात्र उक्त काममा जिम्मेवार बनाउने गरिएको।
- ❖ अनुगमन तथा सुपरिवेक्षण समितिको बैठक निर्धारित समयमा नहुनु, बैठक भए पनि औपचारिकतामा सिमित रहनु।
- ❖ निर्धारित समय र तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन प्रस्तुत गर्ने नगरेको।
- ❖ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको कार्यान्वयन नहुने।
- ❖ अनुगमन तथा मूल्यांकन कार्यमा संलग्न कर्मचारीहरुमा उत्प्रेरणाको अभाव, सरुवा हुनु।
- ❖ अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रक्रियामूखी तथा कागजी प्रकृतिको हुनु।
- ❖ अनुगमन तथा मूल्याङ्कन प्रणाली सहभागितात्मक नहुनु।
- ❖ निष्पक्ष तथा बस्तुगत कार्य सम्पादन अनुगमन र मूल्याङ्कन गरी पुरुस्कार, सुधार तथा दण्डको नीति अवलम्बन नगर्नु।
- ❖ आधुनिक तथा वैज्ञानिक प्रविधिको प्रयोग अपेक्षित रुपमा हुन नसक्नु।

## भाग ५ : सिकाईहरु

- ❖ अनुगमन कार्यमा संलग्न समितिका सदस्यहरुको अनिवार्य उपस्थितिले भुक्तानी सिफारिसमा सहज हुने गरेको।
- ❖ उपभोक्ता समिति र निर्माण व्यवसायीलाई पूर्व सूचना गरेर अनुगमन गर्दा सम्पुर्ण सदस्यहरुसंग छलफल र पृष्ठपोषण गर्न सहज हुने गरेको।
- ❖ निश्चित समय तालिका अनुसार अनुगमन गर्दा दैनिक सेवा प्रवाहमा समस्या हुने नगरेको।

## भाग ६ : निष्कर्ष र सुझावहरु

### ६.१ निष्कर्ष

नेपालमा राजनीतिक रुपान्तरणको कार्य सम्पन्न भए पश्चात तीनै तहका सरकारहरुले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अभ्यास गरिरहेका छन्। तसर्थ संघीयताको अभ्यास गर्ने क्रममा गाउँपालिकाको अबको ध्यान आर्थिक सामाजिक रुपान्तरणतर्फ केन्द्रित हुनुपर्ने वास्तविकलाई हृदयंगम गर्दै "सामाजिक एकता र आर्थिक समृद्वीको आधार, सुशासन पारदर्शिता र जवाफदेहिता सहितको दुहुँ सरकार" को लक्ष्य तय गरेर "समृद्व दुहुः सुखी दुहुँ बासी" को दिशातर्फ गाउँपालिका अघि बढ्न खोजिरहेको छ। विद्यमान शासन प्रणालीमा भएको रुपान्तरणसंगसंगै जनताका माग र अपेक्षा बढ्दै गएको सन्दर्भमा जनताले परिवर्तनको प्रत्यक्ष अनुभूत गर्ने गरी गाउँपालिकाको समग्र विकास प्रक्रियालाई अगाडी बढाउनु अति जरुरी देखिएको छ। अन्यथा नयाँ व्यवस्थाप्रति पनि जानताको विश्वास र भरोसा विस्तारै घट्दै जानसक्छ। यसको परिणामस्वरुप कठिन संघर्ष र बलिदानीबाट प्राप्त गरेको दिशातर्फ अघि बढ्न सक्छ। तसर्थ उपरोक्त सुझावहरुलाई ग्रहण गर्दै दुहुँ गाउँपालिकाको योजनाको कार्यान्वयन र अनुगमन एवं मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

### ६.२ सुझावहरु

- स्तरीय तथा सहभागितात्मक अनुगमनमा जोड दिने,
- अनुगमन पश्चात पृष्ठपोषण, पुरुस्कार र दण्डको व्यवस्था गर्ने,
- लागत, क्रियाकलाप र नतिजामूलक अनुगमनलाई फरक फरक स्तरमा राखी प्रतिफलमा नभई प्रभाव अनुगमनमा जोड दिने
- नतिजामूलक तथा प्रभावकारी अनुगमन, मूल्याङ्कन प्रणालीको विकास र अभ्यास गर्ने,
- एकीकृत सूचना प्रणालीको विकास तथा अनुगमन मूल्याङ्कनको कार्यशैली, प्रक्रिया र संरचनामा परिवर्तन गरी स्वचालित संयन्त्रको निर्माण गर्ने,
- अनुगमन तथा मूल्याङ्कन कार्यमा संलग्न जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने,
- आयोजना कार्यक्रमहरुसंग सम्बन्धित निकाय र जनशक्तिको कार्य सम्पादन मूल्याङ्कनलाई आयोजनाको प्रगतिसंग आवद्ध गर्ने,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजालाई योजना, कार्यक्रम तथा आयोजना तर्जुमा, कार्यान्वयनमा पृष्ठपोषणको रुपमा प्रयोग गर्ने पद्धतिको विकास गर्ने,
- स्वतन्त्र तथा तेस्रो पक्षबाट पनि अनुगमन तथा मूल्याङ्कन कार्यका लागि आवश्यकता अनुसार परिचालन गर्नुपर्ने,
- सार्वजनिक सरोकारका आयोजनाहरुको अनुगमन तथा मूल्यांकनमा लाभग्राही सरोकारवालाहरुलाई समेत संलग्न गराउनु पर्ने,
- सूचना प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने, वेबमा आधारित तथा स्वचालित अनुगमन प्रणालीको विकास र विस्तार गर्ने,
- मोबाइल एपको विकास गरी एप मार्फत अनुगमन प्रतिवेदन गर्दा तथ्यमा आधारित र प्रभावकारी हुने,
- अनुगमन, मूल्याङ्कनको लागि निश्चित बजेट विनियोजन गर्नुपर्ने कानुनी व्यवस्था गर्नुपर्ने,
- हरेको विषयगत शाखाले वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्नुपर्ने।

## दुहुँ गाउँपालिकाको गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति

| क्र स | नाम थर | पद | लिङ्ग | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | शान्ती देवी बम | संयोजक | महिला | |
| २ | वीरसिंह धामी | सदस्य | पुरुष | |
| ३ | वीराराम पार्की | सदस्य | पुरुष | |
| ४ | पार्वती जोशी | सदस्य | महिला | |
| ५ | लोकेन्द्र सिंह लोथ्याल | सदस्य | पुरुष | |
| ६ | विरेन्द्रराज जोशी | सदस्य सचिव | पुरुष | |

६.३ योजना तथा कार्यक्रमका फोटोहरुः






# Duhun Rural Municipality Office Building





## Hikila Water Supply and Sanitary Project

## (Intake Design)



## RVT Design



## Duhun Ring Road
## (Construction On Going)





## श्री हुनैनाथ आ.वि.बस्पाली २ कोठे भवन निर्माण





## सडक देखि खातीगाउँसम्म पि सी सी बाटो निर्माण





## गौरिलमाण्डौ छात्रा शौचालय निर्माण



## प्रशासकीय भवन पछाडि म्यासनरि वाल निर्माण



# वडा कार्यालय रेलिङ निर्माण





## देउखाला सामुदायिक भवन निर्माण योजना



## ढल निकास तथा सिचाइ नहर निर्माण योजना खेती



बोहरीगाउँ स्कल निर्माण (GNI र दहँ गाउपालिकाको साझेदारिमा निर्माण भएको बनेको



आ. वि. फारा घेर पर्खाल निर्माण



## ब्रह्म आ.वि. पाँसुमा सौचालय निर्माण




## आधारभुत स्वास्थ्य सेवा केन्द्रमा शौचालय निर्माण



## ठुलढुङ्गा देखि बकरओडार चिनाडी सम्मको PCC बाटो निर्माण



## सिमार ढल निकास निर्माण



श्री गणेश मा वि सिमली ४ कोठे भवन निर्माण दुहुँ ३



दुर्गास्थान आ वि खेती २ कोठे भवन निर्माण



## गौरिलमाण्डौ छात्रा शौचालय निर्माण



## हेकाती गौरियाखलो निर्माण दुहुँ २



## हुनैनाथ आ वि बासपाली २ कोठे भवन निर्माण



## दुर्गा मन्दिर गेट निर्माण दुहुँ १



## दुर्गा आ वि गरमोरा भवन निर्माण



## भूमिराज आ वि कम्दा भवन निर्माण



# दुर्गास्थान आ वि खेती



# थल सिलिङ्चौरा सडक निर्माण



## हिकिला अफरे गुना शिद्धटोपी सडक



## बारबाज बाटमुनी खानेपानी मर्मत



## गैर रजउडा घो वा निर्माण



## दुल्ला ढल निकास निर्माण






# **धन्यवाद !**

**प्रतिवेदक**

शान्ती देवी बम

संयोजक

अनुगमन तथा सुपरिवेक्षण समिति

दुहुँ गाउँपालिका

हिकिला, दार्चुला